# राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ सम्बन्धी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट जारी

# प्रेस बिज्ञप्ति

बाघ (प्यानथेरा टाइग्रिस) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को संरक्षित वन्यजन्तु र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापार नियन्त्रण सम्बन्धी महासन्धि, १९७३ (साइटिस) को अनुसूची १ मा सूचीकृत वन्यजन्तु हो । बाघ स्वस्थ पारिस्थितिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य श्रृखलाको उच्च तहमा रहेको महत्वपूर्ण प्रजाति हो ।

बाघ नेपाल लगायत भारत, चीन, बंगलादेश, भुटान, क्याम्बोडिया, लावोस, इन्डोनेशिया, मलेशिया, म्यानमार, रसिया, थाइल्याण्ड र भियतनाम गरि एसियाका १३ देशहरुमा मात्र पाइन्छ । विश्वमा सन् २०१० मा करिब ३२०० को संख्यामा रहेको बाघ सन् २०२२ मा बढेर करिब ५२०० पुगेको अनुमान छ ।

नेपालमा सन् २०२२ को राष्ट्रिय बाघ सर्वेक्षणको तथ्याङ्क अनुसार करिब ३५५ बयस्क बाघ रहेका छन् । बाघको संख्या सन् २०१० मा १२१, सन् २०१४ मा१९८ र २०१८ मा २३५ रहेको थियो । सन् २०१० मा रसियामा भएको बाघ शिखर सम्मेलनबाट यसको संख्या सन् २०२२ सम्म दोब्बर बनाउने लक्ष्य अनुरुप नेपालले बाघको संरक्षण र संख्या बृद्धि गरेर विश्वमै उदाहरणीय काम गरेको छ । नेपालको तराई भू-परिधिका पाँचवटा राष्ट्रिय निकुञ्जहरु (पर्सा, चितवन, बांके, बर्दिया, शुक्लाफांटा) र वरिपरिको मध्यवर्ति तथा राष्ट्रिय वनक्षेत्र एवं जैविक मार्गमा मात्र बाघ पाइन्छ । नेपालले सन् १९९० को दशकदेखि बाघ संरक्षण कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गरिरहेको छ ।

बाघको गणना हरेक चार देखि पाँच बर्षको अन्तरालमा गरेर बाघको संख्या र यसको आहारा प्रजाति साथै वासस्थानको बारेमा तथ्याँक संकलन गर्ने गरिन्छ । बाघ सर्वेक्षणका लागि राष्ट्रिय वाघ तथा आहारा प्रजातिको अनुगमन बिधी (प्रोटोकल) तर्जुमा गरिएको छ । यो प्रोटोकल क्रमश सुधार गरि बाघ सर्वेक्षण कार्यलाई वैज्ञानिक र थप विश्वसनीय बनाउदै लगिएको छ । राष्ट्रिय बाघ तथा आहारा प्रजातिको अनुगमन प्रोटोकल, २०२५ बमोजिम बाघ र यसको बासस्थान सर्वेक्षण सम्बत् २०८२ पुष १ गतेदेखि सुरुवात गरिदैछ ।

बाघको बासस्थान रहेका राष्ट्रिय निकुञ्जहरु एवं वरपरको वनक्षेत्र समेटेर चितवन-पर्सा कम्प्लेक्स, बाँके-बर्दिया कम्प्लेक्स र शुक्लाफाँटा-लालझाडी कम्प्लेक्स गरी तिन क्षेत्रमा करिब तिन महिना

लगाएर बाघ सर्वेक्षण कार्य सम्पन्न हुनेछ । नेपालका बाघ पाइने कम्प्लेक्सलाई विभिन्न ब्लकहरुमा विभाजन गरी ब्लकभित्र २ कि.मी. लम्बाई र २ कि.मी. चौडाइका वर्गाकार ग्रिड बनाई हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामेरा जडान गरी निरन्तररुपमा कम्तिमा १५ दिन (रात) सम्म बाघको तस्विर खिचेर र ती तस्विरहरुको विश्लेक्षण गरी बाघको संख्या अनुमान गरिन्छ ।

राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ को तयारी तथा कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालयबाट केन्द्रीयस्तरमा एक सल्लाहकार समिति र प्राविधिक समिति एवं स्थलगत कार्यदल गठन भै काम भैरहेको अवस्था छ । राष्ट्रिय बाघ सर्वेक्षण कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा वन तथा भू-संरक्षण विभाग, प्रदेश सरकार, नेपाली सेना, संरक्षण साझेदार संस्थाहरु- राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल र जेड एस एल नेपालको सहयोगमा सम्पन्न गरिन्छ ।

यस कार्यमा राष्ट्रिय निकुञ्ज कार्यालय, डिभिजन वन कार्यालय, हात्तीसार, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समुह, वन प्राविधिक र स्वयमसेवकहरु परिचालन गरी सम्पन्न हुनेछ । यस कार्यको लागि करिब २५० जना जनशक्ति र करिब ११०० ट्र्याप क्यामेराहरु प्रयोग हुनेछन् । यस सर्वेक्षणबाट प्राप्त हुने तथ्यौँकलाई प्रतिवेदनको रुपमा तयार गरी सार्वजनिक गरिनेछ र यसले बाघ, अन्य प्रजाति, बासस्थानको अवस्थाबारेमा महत्वपूर्ण जानकारी प्राप्त हुने र आगामी दिनमा बाघ लगायतका प्रजाति संरक्षणमा नीति, कार्यक्रम, योजना बनाई संरक्षणलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय बाघ सर्वेक्षण कार्यलाई सफलतापुर्वक सम्पन्न गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्न सम्बद्ध सबै सरोकारवालाहरुमा अनुरोध छ । यस कार्यसंग सम्बन्धित केही जानकारी वा सुचना भएमा नजिकको राष्ट्रिय निकुञ्ज कार्यालय वा डिभिजन वन कार्यालय वा प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

हरिभद्र आचार्य
सूचना अधिकारी एवं बरिष्ट इकोलोजिष्ट
२०८२ पुष १ गते मंगलबार
नेपाल सम्वत् ११४६